**राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष श्री दीपेन्द्रबहादुर क्षेत्रीज्यूको अध्यक्षतामा मिति २०६८/०७/२३ गते बसेको बैठकमा भएको छलफल तथा निर्णयहरू ।**

१. कृषि तथा ग्रामीण विकास महाशाखाबाट प्रस्तुत चालू त्रि-वर्षीय योजनामा उल्लेख भएको राष्ट्रिय भूमिनीति तर्जुमा गर्ने भन्ने व्यवस्था सम्बन्धमा योजनाको मर्म अनुसार नेपाल सरकारको कार्य प्रणाली अनुरूप बैज्ञानिक भूमिनीति तर्जुमा गर्ने सम्बन्धी प्रस्तुत प्रस्ताव सम्बन्धमा छलफल हुँदा नीति तर्जुमा गर्दा यस पूर्व भएका अध्ययन, प्रतिवेदन आदिको समेत अध्ययन विश्लेषण गरी यूरोपको सट्टा केही एशियाली मुलुकको अबलोकन गरी भूमि नीति तयार गर्ने ८७ लाख ५० हजारको आयोजनालाई सहमति प्रदान गर्ने निर्णय गरियो ।

२. अनुगमन तथा मूल्याङ्कन महाशाखाका प्रमुखबाट हालै सम्पन्न राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को बैठकको सम्बन्धमा समीक्षाको लागि प्रस्ताव गर्नु भयो । छलफलका क्रममा बैठक गत बर्षको प्रगतितर्फ पूर्ण रूपमा लक्षित नभै चालु बर्षको कार्यक्रमतर्फ पनि लक्षित देखिएको, देशको समग्र आर्थिक अवस्थाको सिंहावलोकन हुन नसकेको, चुनौती धेरै रहेको समयमै बैठक बस्न नसकेको, राष्ट्रिय योजना आयोगको प्रस्तुतीकरणले समय बढी लिएको जस्ता कुराहरू उठेको हुँदा आगामी दिनमा यसतर्फ सुधार गर्ने र यस आ.व.को समेत चार महिना पुरा हुन लागेको हुँदा यस्को समीक्षाको लागि तयारी गर्ने ।

३. उपर्युक्त समितिको बैठकमा प्रस्तुत प्रतिवेदनलाई सम्पादन र छपाई गरी प्रकाशन गर्ने निर्णय गरियो ।

४. मन्त्रीस्तरीय समस्या समाधान समिति (NDAC) को सहमति भै बैठक नगर्ने मन्त्रालयहरूलाई सो बैठक नहुनुको कारण समेत माग गर्ने निर्णय गरियो ।

५. आगामी दिनहरूमा NDAC र MDAC का बैठकहरू यथासमयमा गर्ने गराउने निर्णय गरियो ।